# अन्तर्राष्ट्रिय पर्वत समाज युरोप भेला

# प्रगति प्रतिवेदन २०२२

**<u>प्रस्तुतकर्ता</u>**
प्रकाश पौडेल
सचिव
मिति ः १७ अप्रिल २०२२

यस गरिमामय भेलाका अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू , विशेष अतिथि ज्यू, तथा अतिथि ज्यूहरु, भेलामा उपस्थित आदरणीय दाजुभाई दिदी बहिनीहरुमा जय पर्वत नमस्कार ।

सर्वप्रथम अन्तर्राष्ट्रिय पर्वत समाजको स्थापना सम्बन्धमा छोटो परिचय दिन चाहन्छु । हामी पर्वत जिल्लावासीहरु देशको परिस्थितिले गर्दा विभिन्न देशहरुमा विदेशिन बाध्य भयौं । तर पनि आफू जन्मेको ठाउँले घचघच्याई रह्यो । यसरी विदेशमा बसेर पनि आ–आफ्नो ठाउँबाट हाम्रा पर्वतवासी दाजुभाई दिदि बहिनीहरुका दुःख पिडामा मलमपट्टी लगाउने कार्य गरिरहेका थियौँ । त्यसरी छरिएर काम गर्नु भन्दा विदेशमा बस्ने पर्वतेलीहरुको एउटा छाता संगठन भयो भने काम गर्न सजिलो हुन्छ भन्ने उद्देश्यका साथ सन् २०१७ मा काठमाण्डौंमा उपलब्ध विभिन्न देशबाट गएका पर्वतेली नेपाली दाजुभाई जम्मा भई एउटा अन्तर्राष्ट्रिय स्तरको सञ्जाल बनाउने निर्णय गरि पर्वतमा शिक्षा र स्वास्थ्य, सामाजिक क्षेत्रमा सहयोग पु¥याउने र पछि सस्था बलियो हुँदै गएपछि लगानी मार्फत रोजगारीको सिर्जना गर्ने उद्देश्यका साथ पुरन गिरीको संयोजकमा तर्दथ समिति बनाई कामहरुलाई अगाडि बढाउँदै लगियो र फलस्वरुप २०१९ मा बेल्जियममा एउटा च्यारेटी कार्यक्रम गर्ने निर्णय गरि भेलाबाट संकलित रकम शिक्षा र स्वास्थ्यमा लगानी गर्ने निर्णय गरियो र २०१९ को जुन महिनामा भव्य रुपमा च्यारेटी कार्यक्रम सम्पन्न गरि पर्वतका दुई ठाउँमा स्वास्थ्य चौकी स्थापना गर्ने निर्णय गरियो । सहयोग रकम संकलन गर्ने क्रममा संस्थागत रुपमा तथा व्यक्तिगत रुपमा विभिन्न महानुभावहरुले सहयोग रकम बोल्नु भएको थियो । यसै शिलशिलामा २ बर्ष सम्म दुःखी पिडितहरुलाई विभिन्न ठाउँमा सहयोग ग¥यौं । फलस्वरुप २०१९ को जुलाई र अगस्टमा युएईमा सम्पन्न भेलाले पर्वतका ३ ठाउँमा स्वास्थ्य चौकी बनाउने निर्णय गरी सम्पन्न गरियो । यसै सिलसिलामा अगाडि वढ्दै जादा २०१९ अक्टोवरमा पर्वतको पयूँमा भव्य रुपमा दोस्रो अधिवेशन सम्पन्न गरि पुरन गिरीकै कार्य समिति लाई दोह्याउ निर्णय भयो । यसरी अगाडि बढेको अवस्थामा स्वास्थ्य चौकी निर्माण सम्बन्धी अवधारणलाई सफल बनाउन अध्यक्ष पुरन गिरी तथा संरक्षक कूल आचार्यलाई जिम्मेवारी दिइएको थियो । उहाँहरु नेपाल गएर काम शुरु गर्न लगाउने र फर्के पछि वोलीएका सहयोगहरु उठाउने र काम सक्ने निर्णयलाई विश्व भरी फैलिएको कोरोना महामारीको कारणवाट हामीले स्वास्थ्य चौकिको अवधारणलाई अगाडि वढाउन नसकेको र अव यो कार्यलाई के गर्ने भन्ने यही भेलावाट निर्माण हुनेछ भन्ने पूर्ण विश्वासमा छौ ।

आदरणीय साथीहरु हाम्रो समाज स्थापना भए देखि हामीले निरन्तर रुपमा मानवीय सेवाहरु गदै आइरहेको छौ । हामीले हालसम्म गरेका मूख्य मूख्य गतिविधिहरु बुँदागत रुपमा तल प्रस्तुत गरेको छु ।

१) २०१७ –२०१९ को कार्यकालामा जलजलाका वाढी पिडितहरुलाई अन्तर्राष्ट्रिय पर्वत समाजको समन्वयमा निम्न आय भएका तीन परिवारलाई घर बनाई हस्तान्तरण गरियो ।

२) २०१९– २०२१ को कार्यकालमा कुश्मा नगरपालिका बुर्लुङ्गमा वाढी पहिरोवाट पीडित निम्न आय भएका २ परिवारमा घर बनाई हस्तान्तरण गरियो । यसमा वेल्जियम तथा यूकेको सहयोगार्थ अन्तर्राष्ट्रिय पर्वत समाजले समन्वयकारी भूमिका खेलेको थियो ।

३) २०१७ – २०१९ कार्यकालमा पर्वतको फलेवास नगरपाली तथा कुश्मा नगर पालिकामा स्वास्थ्य शिविर सम्पन्न गरियो

४) २०१९ – २०२१ कार्यकालमा पैयू गाउपालिका ४ श्री जन सेवा उच्च मा. वि. मा २० थान पंखा तथा १०० वटा प्लास्टिक कुर्ची सहयोग गरियो

५) २०१९– २०२१ मा कोराना महामारीको बेलामा पर्वत जिल्ला अस्पताललाई १ लाख ५१ हजार स्वास्थ्य सामाग्री प्रदान गरियो ।

६) कोरोना महामारीको अवस्थामा २०१९–२०२१ कार्यकालमा दिल्लीमा अलपत्र परेका नेपाली दाजुभाईहरु ४० जनालाई स–कुशल पर्वत पु¥याउने काम गरियो ।

७) २०१९ – २०२१ कार्यकालमा पैयू गाउँपालिकालाई ५० हजार वरावर स्वास्थ्य सामाग्री प्रदान गरियो ।

८) कोरोना महामारीको बेलामा स्पेनमा रहेका १२ जना पर्वतेली दाजुभाईहरु समस्यामा भएको जानकारी भएकोले १२०० यूरो वरावर रकम स्पेन पर्वत समाजसंग सहकार्य गरि सहयोग गरियो ।

९) कोरोना महामारीविच पर्वतका २ नगरपालिका र ५ गाउँपालिकालाई २ लाख वरावर स्वास्थ्य सामाग्री हस्तान्तरण गरियो ।

१०) पैयूँ गाउँपालीका काहुले घट्नामा ५० हजार सहयोग

११) खुर्कोटमा आगलागी पीडितलाई २५ हजार सहयोग गरियो ।

१२) विहादी गाउँपालीका उराममा पहिरो पीडित परिवारलाई १ लाख ५० हजार वरावर आर्थिक सहयोग गरियो ।

१३) गैर आवासीय नेपाली संघ र अन्त्रतराष्ट्रिय पर्वत समाजको सहयोग नेपाल रेडक्रस सोसाइटी पर्वतलाई एक एम्बुलेन्स प्रदान गरियो ।

१४) पोर्चुगलमा निधन हुनुभएका रमेश रेग्मीको दाहसंस्कारको लागि २०५ यूरो सहयोग ।

१५) यू.ए.ई. मा कोरोनाको कारण निधन हुनुभएका श्री रमेश परियारको परिवारलाई ५० हजार सहयोग गरियो ।

१६) पैयूँ गाउँपालिका ४ का सुनीता शाहीको श्रीमान अफ्रिकामा निधनभएको परिवारलाई ५० हजार सहयोग गरियो ।

१७) कतारमा निधन भएका मदन गुरुङ्गका परिवारलाई ५० हजार सहयोग गरियो ।

१८) कोरोनाको दोस्रो लहरवाट देश भयावह स्थितिमा पुगी अक्सिजन मेसिन अभाव भएको अवस्थामा सकेसम्म पर्वतका सबै स्थानीय निकायमा पु¥याउने गरि प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा २३ लाख वरावरका स्वास्थ्य सामाग्री, अक्सिजन कन्स्लेसन सहयोग गरियो

१९) कोरोनाको दोस्रो लहरको अवस्थामा पत्रकार महासंघ पर्वत शाखालाई पत्रकारसंग सम्बन्धी ७५ हजार वरावरको सामाग्री प्रदान गरियो ।

२०) २०१९– २०२१ कार्यकालमा पैयूँ गाउँपालिका काहुँ आगोलागी पीडित परिवारलाई सहयोग गरियो ।

२१) पैयूँ गाउँपालिका भूर्तेल थोक दलित वस्ती निर्माणमा २ वटा घर वनाई हस्तान्तरण गरियो । उक्त सयहोगमध्ये एउटा घर निर्माणको लागि यूके शाखावाट सहयोग भएको थियो ।

२२) २०२१ – २०२३ को कार्यकालमा पर्वतको जलजला गाउँपालिका र पैयूँ गाउपालिकामा २ वटा स्वास्थ्य सिविर सम्पन्न गरियो ।

**धन्यवाद ।**